कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्या : ०७७/०७८
च. नं. ९१९

मिति २०७८/०३/१३

विषय: कक्षा-८ को वार्षिक मूल्याङ्कनको नतिजा प्रकाशन सम्बन्धी सूचना।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
कोहलपुर नगरपालिका, बाँके।

प्रस्तुत विषयमा मिति २०७८/०३/१३ को मूल्याङ्कन समन्वय समितिको निर्णयानुसार यस शाखाको च. नं. ८७१, मिति २०७८/०२/२३ को सूचना तथा आधारभूत तह (कक्षा-८) विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशन कार्यविधि, २०७८ बमोजिम कोहलपुर नगरपालिका क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको कक्षा-८ को शैक्षिक वर्ष २०७७ का कुल २३५० जना विद्यार्थीहरुको वार्षिक मूल्याङ्कन सम्पन्न भई अन्तिम नतिजा प्रकाशन गरिएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। नतिजा हेर्नका लागि विद्यालयले iemis.doe.gov.np वेब साइट खोली Log in गरेर Report > Grade VIII Ledger मा हेर्न सकिनेछ। विद्यालयहरुले यस शाखाबाट नतिजाको प्रमाणित विवरण (लेजर) को हार्डकपी प्राप्त गरी सोही अनुसार नतिजा विवरण सार्वजनिक गर्नुहुन अनुरोध छ।

साथै नतिजा विवरण सार्वजनिक गर्दा विद्यालयहरुले भरसक वैकल्पिक माध्यमको प्रयोग गर्नु हुन, नतिजाको सूचना टाँस गर्न परेमा दूरी कायम र स्वास्थ्य सुरक्षाका मापदण्डको पालना हुने गरी सहजै हेर्न मिल्ने व्यवस्था मिलाउनु हुन र सामाजिक सञ्जालबाट विद्यार्थीको नामावली विवरण खुल्ने गरी नतिजा जारी नगर्नु-नगराउनुहुन अनुरोध गरिन्छ। नतिजामा विद्यार्थीको नाम, थर, जन्ममिति, लिङ्ग, सिम्बल नम्बर, विद्यालयको नाम र ठेगाना सम्बन्धमा कुनै प्राविधिक त्रुटि देखिएमा सूचनाको मितिले ५ दिनभित्रमा यस शाखामा सम्पर्क गर्नुपर्नेछ अन्यथा नियमानुसार हुनेछ।

(अनन्तकुमार पौड्याल)
शिक्षा शाखा प्रमुख

बोधार्थ

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, नेपालगन्ज, बाँके।
२. श्री नगरप्रमुखको सचिवालय, कोहलपुर नगरपालिका, बाँके।
३. श्री इलाका प्रशासन कार्यालय, कोहलपुर, बाँके।